अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

Reliance Recruitment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**युएईमा रोजगार** — कम्पनी : CHENOTH EMPLOYMENT- SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 303181 | चलानी नं. ६०२१८००१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 100 | 0 | 800 | २९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 84 | 0 | 1200 | ४३,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरधाम-७, धनुषामा मिति: २०८१ असोज १२ गते (28th Sep. 2024) मा हुनेछ ।
न्यु राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरधाम-७, धनुषामा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।
जानकी टेक्निकल ट्रेनिङ सेन्टर, जनकपुरधाम, धनुषामा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।
बुट्वल मल्टिपल ट्रेनिङ सेन्टर, जानकीनगर, रूपन्देहीमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

प्रभाव दैनिक

शनिबार, ०५ असोज २०८१ (Saturday, September 21, 2024)

रूपशाला

## 'छ नि माया' गीत रेकर्ड गर्दै 'रंगी'को निर्माण थालनी

सलोन सलिना फिल्मस् प्रालिको व्यानरमा निर्माण हुने फिल्म 'रंगी'को गीत 'छ नि माया' रेकर्ड गरिएको छ । काठमाडौंको स्टुडियो डाइनामिकमा रेकर्ड गरिएको गीतमा आनन्द कार्की र सुजता केसीले स्वर दिए । गीतमा दुर्गेश थापाको गीत, सङ्गीत र एरेन्ज छ । गीतमा विमल छिनलको मिक्सिङ तथा मास्टरिङ छ । सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा पूर्व मिस नेपाल नम्रता श्रेष्ठ अभिनयमा डेब्यु गर्दै छिन् । फिल्म सुरेश न्यौपानेले निर्देशन गर्न लागेका हुन् । बाबु छोरीको कथामा निर्माण हुन लागेका फिल्मका निर्माता सक्षम सुवेदी हुन् । फिल्ममा सुमन गजमेरको लेखन छ । फिल्ममा सौरभ लामाको छायांकन रहनेछ ।



# हरिवंश आचार्यसहित १२ फिल्मकर्मीलाई सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक तुलसी घिमिरे, अभिनेता नीर शाह, अभिनेता हरिवंश आचार्यसहित १२ फिल्मकर्मी सम्मानित भएका छन् । संविधान जारी भएको ९ वर्ष पूरा भएको अवसरमा चलचित्र विकास बोर्डले शुक्रबार एक कार्यक्रमकाबिच १२ फिल्मकर्मीलाई 'सांस्कृतिक रूपान्तरण पुरस्कार-२०८१' प्रदान गरेको हो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, मन्त्रालयकी सचिव राधिका अर्याल र बोर्ड अध्यक्ष दिनेश डिसीले पुरस्कार वितरण गरे । सोही अवसरमा मुलुकको सांस्कृतिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै फिल्म 'बलिदान'का ५ जना सर्जक निर्देशक तुलसी घिमिरे, अभिनेता नीर शाह, अभिनेता हरिवंश आचार्य, संगीतकार श्याम तमोट र गायिका लोचन भट्टराई सम्मानित भए ।

कार्यक्रममा अभिनेता रमेशरञ्जन झा, अभिनेत्री कविता आले, अभिनेता देशभक्त खनाल, अभिनेता ऋद्धिचरण श्रेष्ठ, अभिनेता माओत्से गुरुङ, संगीतकार विकास चौधरी र अभिनेत्री प्रेमा अधिकारी गैरे पनि सम्मानित भए । सबैलाई जनही २५ हजार नगद र ताम्रपत्रसहित सम्मान प्रदान गरियो ।

कार्यक्रममा मन्त्री गुरुङले चलचित्र राजनीतिक रूपान्तरणको माध्यम मात्र नभएर आर्थिक रूपान्तरणको क्षेत्र पनि धारणा राखे । उनले नेपाली फिल्म उद्योगले अन्य फिलम उद्योगलाई उछिन्न सुझाए । उक्त अवसरमा 'बलिदान' अभिनेता हरिवंश आचार्यले आफूहरू मात्र नभएर देश र संविधानले पनि सम्मान पाउनुपर्ने बताए ।

# भन्सालीको 'लभ एन्ड वार' अक्टोबरमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** बलिवुडका चर्चित निर्देशक सञ्जय लीला भन्सालीले वेब सिरिज 'हिरामाण्डी: द डायमण्ड बजार' को सफलतापछि नयाँ फिल्मको तयारी सुरु गरेका छन् ।

भन्सालीले नयाँ फिल्म 'लभ एन्ड वार' को घोषणा गरिसकेका छन् र यस फिल्मका लागि रणवीर कपुर, आलिया भट्ट र विक्की कौशल जस्ता स्टारहरूलाई लिने तय गरिसकेका छन् । यो फिल्म सन् २०२६ मा हलमा रिलिज हुनेछ ।

मिडिया रिपोर्टका अनुसार यो फिल्म आगामी अक्टोबर २४ मा फ्लोरमा जानेछ र त्यससँगै पहिलो शेड्युल सुरु हुने बताइएको छ । सञ्जय लीला भन्सालीको फिल्मको भव्यतालाई ध्यानमा राखेर यो ठूलो शेड्युल लामो हुने बताइएको छ । 'लभ एन्ड वार' भंसालीसँग विक्की कौशलको पहिलो सहकार्य हुनेछ, जबकि रणवीर कपूर र आलिया भट्ट यसअघि निर्देशकसँग काम गरिसकेका छन् ।

रणबीरले भन्सालीको 'सावरिया' (२००७) बाट आफ्नो अभिनयको सुरुवात गरेका थिए र आलियाले २०२२ मा 'गंगुबाई काठियावाडी' मा अभिनय गरेकी थिइन् ।

# फिल्म 'सानो संसार' सेन्सर पास

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'सानो संसार' सेन्सर पास भएको छ । बिहीबार केन्द्रीय जाँच पास समिति (सेन्सर बोर्ड) ले फिल्म हेर्दै सबैले हेर्न मिल्ने युनिभर्सल सर्टिफिकेट दिएको हो । फिल्मलाई सेन्सर बोर्डका प्रतिनिधिले एकदमै राम्रो प्रतिक्रिया दिएको निर्माता अर्जुनकुमारले बताए ।

उनका अनुसार सेन्सर बोर्डका प्रतिनिधिले 'सानो संसार' हेरेपछि मध्यम वर्गीय परिवारको मर्मस्पर्शी कथाले मन जितेको प्रतिक्रिया दिएका थिए । फिल्म सबै दर्शकले हेर्न पाउने छन् । अगामी शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्मले मध्यमवर्गीय परिवारले गर्ने सङ्घर्ष र सन्तानको विदेश मोहले निम्त्याएको कलहलाई मर्मस्पर्शी ढङ्गले पस्किएको छ ।

पारिवारिक कथावस्तुमा निर्माण भएको फिल्ममा हास्य कलाकार केदार घिमिरे 'माग्नेबुढा' की श्रीमती सीतादेवी तिमल्सेनाको मुख्य भूमिकामा छिन् ।

सीताका अलवा राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल शिशिर शिवाकोटी, सरिता भण्डारी र जीवन गौतमको अभिनय छ । सबै कलाकारले नेपाली फिल्ममा यसैमार्फत डेव्यु गरेका हुन् ।

राजधानी मिडिया एड प्रोडक्सन र प्रिन्सेस मूभिजको ब्यानरमा निर्माण भएको फिल्ममा कार्यकारी निर्माता माधव वाग्ले हुन् । फिल्मको निर्देशन सिद्धार्थ पुडासैनीले गरेका हुन् ।

# 'कल्ली'मा अर्पण, बुद्धि र कमलमणि

■ प्रभाव संवाददाता

**काठमाडौं–** रेड बर्ड प्रोडक्शन र कस्तुरी प्रोडक्शनको ब्यानरमा निर्माण हुने फिल्म 'कल्ली'मा कलाकारत्रय अर्पण थापा, बुद्धि तामाङ र कमलमणि नेपाल अनुबन्धित भएका छन् । फिल्ममा तीन कलाकारको भूमिका कस्तो हुने भन्ने निर्माण पक्षले केही खुलाएको छैन ।

निर्माता किरण नेपालीको प्रस्तुतिमा तयार हुन लागेको फिल्ममा लक्ष्मण सुनारको कथा तथा निर्देशन रहनेछ । लक्ष्मण निर्देशित फिल्म 'बुलाकी'




प्रदर्शनमा आइसकेको छ । फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ । फिल्मका निर्माण प्रमुख सुरज आचार्य हुन् । यो फिल्म नयाँ वर्ष २०८२ को छेको पारेर चैत्रको २९ गतेबाट रिलिज हुँदैछ । फिल्मको पोष्टरलाई राकेश दाहालले तयार पारेका हुन् ।

फिल्मको छायांकन कर्णाली प्रदेशका विभिन्न रमणीय स्थानमा गर्ने तयारी भइरहेको निर्देशक सुनारले जानकारी दिए । तिहारपछि फिल्मको छायांकन सुरु हुनेछ ।

रंगशाला

# ऐतिहासिक स्वर्णनजिक एरिका

■ प्रभाव संवाददाता



**काठमाडौं-** एरिका गुरुङ २० औं एसियाली सिनियर कराते च्याम्पिन्सिपको महिला ६८ केजीमाथि शुक्रबार फाइनलमा प्रवेश गर्दै इतिहास रचेकी छन् ।

फाइनलमा स्थान सुरक्षित गरेसँगै एरिकाले कम्तीमा रजत पदक पक्का गरेकी छन् । एसियाली सिनियर करातेको विगतका सबै संस्करणसम्म नेपाल पदकविहीन थियो ।

चीनको हाङझावस्थित स्पोर्ट्स सेन्टर जिम्न्याजिममा एरिकाले प्रिक्वाटरफाइनलमा फिलिपिन्सकी इसाबेल अरिएन्ने ब्रिटोलाई ४-० ले पराजित गर्दै क्वाटरफाइनलमा पुगेको टोलीका मुख्य प्रशिक्षक कुशल श्रेष्ठले जनाएका छन् । क्वाटरफाइनलमा एरिकाको प्रतिद्वन्द्वी काजकिस्तानकी सोफ्या बेरुल्टसेभा थिइन् ।

एरिका र सोफ्याबीचको खेल १-१ को बराबरीमा टुंगियो । 'रेफ्री' निर्णयका आधारमा एरिका विजयी भइन् । पहिलो अंक एरिकाले बटुलेकी थिइन् । सोफ्या तीनै खेलाडी हुन जसले एरिकालाई १९ औं एसियाली खेलकुदको फाइनलमा ३-० ले पराजित गर्दै स्वर्ण जितेकी थिइन् । १९ औं एसियाली खेलकुदको कराते पनि अहिले भइरहेको प्रतियोगिताको हलमै भएको थियो ।

सेमिफाइनलमा एरिकाले थाइल्यान्डकी केवालिन सोङक्लिनलाई ८-० ले पाखा लगाउदै फाइनल यात्रा तय गरिन् । एरिकाले फाइनलमा भियतनामकी नाओन थि नुयेन विरुद्ध आइतबार प्रतिस्पर्धा गर्नेछिन् ।

एरिकाको यो पाँचौ अन्तर ाष्ट्रिय सहभागिता हो । कुनैपनि प्रतियोगितामा एरिका पदकविहीन हुनु परेको छैन । एरिकाले इन्डोनेसियाको जकार्तामा भएको १० औं विश्व सितोरियो कराते च्याम्पियनसिपमा स्वर्ण, चीनको हाङझावमा भएको १९ औं एसियाली खेलकुदमा ऐतिहासिक रजत, अमेरिकाको टेक्सासमा भएको युएस ओपन कराते च्याम्पियन्सिपमा स्वर्ण र रजत तथा भुटानको थिम्पुमा भएको आठौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा स्वर्ण जितेकी थिइन् ।

यी सबै प्रतियोगिता करिब १ वर्षको अवधिमा भएका थिए । सबै प्रतियोगितामा कुशल प्रशिक्षकको भूमिकामा थिए ।

प्रशिक्षक कुशलका अनुसार कुमुतेकै अन्य स्पर्धामा प्रतिस्पर्धा गरेका सबै नेपाली खेलाडी प्रतियोगिताबाट बाहिरिएका छन् ।

पुरुष ६० केजीमुनि मिनबहादुर तामाङ, ६७ केजीमुनि सन्तोष श्रेष्ठ, ८४ केजीमुनि मोहम्मद शेखु आलम र ८४ केजीमाथि आशिष श्रेष्ठले नेपालको चुनौती प्रस्तुत गरेका थिए । महिला ५५ केजीमुनि जिया कार्की तथा ६१ केजीमुनि निरूपा दोङले प्रतिस्पर्धा गरेका थिए ।

महिला टिम कातामा एलिसा रास्कोटी मगर, मेघा लिम्बू र टप्पी थापाले कौशल प्रदर्शन गर्ने छन् । एलिसाले एकल कातामा पनि सहभागिता जनाउने छिन् । पुरुष एकल कातामा स्वनिम मानन्धरले खेल्ने छन् । काता शनिबार हुनेछ ।

काभा महिला भलिबल क्लब च्याम्पियनसिप

# माल्दिभ्समा पुलिसको पाँचौं जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एक खेलअगावै नेपाल पुलिस क्लबले काभा महिला भलिबल क्लब च्याम्पियनसिपको प्रारम्भिक चरणमा शतप्रतिशत जित हासिल गरेको छ । शुक्रबार भएको प्रारम्भिक चरणको अन्तिम खेलमा नेपाल पुलिसले घरेलु टोली माल्दिभ्स पुलिस क्लब ३-१ ले पराजित गरेको हो ।

योसँगै नेपाल पुलिसले पाँच खेलबाट १४ अंक जोडेको छ । नेपाल पुलिसले १५ सेट जित्दा तीन सेट मात्रै गुमायो । नेपाल



पुलिसले पहिलो सेट २५-१३ ले सहजै जितेको थियो ।

दोस्रो सेट प्रतिस्पर्धात्मक बनेको थियो । तर, नेपाल पुलिसले उक्त सेट २५-२१ ले आफ्नो पक्षमा पाऱ्यो । तेस्रो सेट भने नेपाल पुलिसले २३-२५ ले गुमायो । अन्तिम सेट २५-१९ ले पुनरागमन गर्दै नेपाल पुलिस विजयी बनेको हो ।

बिहीबार घरेलु टोली वाम्कोलाई नेपाल पुलिसले ३-२ को सेटमा पराजित गरेको थियो । अन्य तीन खेलमा भने नेपाल पुलिसले ३-० को सोझो सेटमा जित हासिल गरेको थियो ।

# चन्द्रपुरको पोस्टमा आर्मीको १० गोल

■ प्रभाव संवाददाता

**काठमाडौं–** चन्द्रा भण्डारी र अमिषा कार्कीको ह्याट्रिकसँगै त्रिभुवन आर्मी क्लबले एन्फा महिला लिगको दोस्रो चरणमा स्थान सुरक्षित गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार भएको खेलमा आर्मीले चन्द्रपुर नगरपालिकालाई १०-० ले पराजित गरेको हो । योसँगै दोस्रो स्थानको आर्मीले सात खेलबाट १६ अंक जोडेको छ । यसको मतलब अब एपिएफपछि सुपर लिगमा स्थान बनाउने आर्मी दोस्रो टोली बनेको छ ।

आर्मीको जितमा चन्द्रा र अमिषाले मात्रै ६ गोल गरिन् । हिमा चौधरी, दीपा शाही, अन्जन रानामगर र सर्मिला थापा मगरले समान एक गोल थपिन् ।

खेलको दोस्रो मिनेटमै चन्द्राको गोलमार्फत आर्मीले सुरुआती अग्रता



लिएको थियो । २८औं मिनेटमा अमिषाले उक्त अग्रता दोब्बर बनाइन् । ३२औं मिनेटमा हिमा चौधरीले टोलीका लागि तेस्रो गोल गरिन् ।

त्यसको आठ मिनेटपछि नै चन्द्राले व्यक्तिगत दोस्रो र टोलीका लागि चौथो गोल गरिन् । आर्मीलाई ४२औं मिनेटमा अमिषाले अर्को सफलता दिलाइन् । योसँगै आर्मीले पहिलो हाफमा ५-० को अग्रता बनाएको थियो । चन्द्रपुरले ५२औं मिनेटमा पेनाल्टी दियो । बल रोक्ने क्रममा चन्द्रालाई चन्द्रपुरकी गोलकिपर उषा थापाले पेनाल्टी बक्सभित्र लडाउन पुगेकी थिइन् । त्यसमा दीपाले गोल गरिन् ।

६८औं मिनेटमा आर्मीकी गोलकिपर अञ्जनाले पनि पेनाल्टीमार्फत नै टोलीका लागि सातौं गोल गरिन् । कप्तान सलोनी रानामगरले बल रोक्ने क्रममा ह्यान्ड गर्न पुगेपछि रेफ्री प्रज्वल क्षेत्रीले आर्मीलाई पेनाल्टी दिएका थिए । जसमा अञ्जना चुकिनन् । त्यसको एक मिनेटपछि नै अमिषाले ह्याट्रिक पूरा गरिन् । जारी लिगमा उनको यो पहिलो ह्याट्रिक हो । यो तीन गोलसँगै उनले लिगमा आप्नो गोल संख्या पाँच पुऱ्याएकी छन् ।

८४औं मिनेटमा चन्द्राले पनि ह्याट्रिक पूरा गरिन् । चन्द्राको भने जारी लिगमा यो चौथो गोल हो । निर्धारित खेल सकिन चार मिनेट बाँकी हुँदा सर्मिलाले पनि आर्मीका लागि गोल थपिन् । उनी ६९औं मिनेटमा अमिषाको स्थानमा मैदान प्रवेश गरेकी थिइन् ।



दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तको पिङटाङ र लुओडियानलाई जोड्ने एक्सप्रेसवेमा रहेको भव्य डक्सियाओजिङ पुल। हालैका वर्षहरूमा गुइझोउ प्रान्तले आधुनिकता र कनेक्टिभिटीलाई ध्यानमा राखेर आफ्नो यातायात प्रणालीलाई स्तरोन्नति गर्ने प्रयास गरेको छ। हाल प्रदेशमा ३० हजारभन्दा बढी पुल निर्माण भइसकेका तथा निर्माणाधीन छन्। *तस्बिरः सिन्ह्वा*

# दोस्रो आँधीको चपेटामा सांघाई

**सांघाई–** ७५ वर्षको इतिहासमा सबैभन्दा शक्तिशाली आँधी आएको केही दिनपछि दोस्रो आँधीले प्रभावित गर्दा चिनियाँ सहर सांघाईका सडक र छिमेकमा शुक्रबार बाढी आएको छ।

पुलासन आँधी बिहीबार राति सांघाईको फेंजियान जिल्लामा २३ मिटर प्रतिसेकेन्ड (८३ किलोमिटर प्रतिघन्टा) को वेगमा अवतरण गरेको सरकारी समाचार एजेन्सी सिन्ह्वाले बताएको छ। सिन्ह्वाले आँधीस्थलतर्फ अघि बढ्दै गर्दा क्रमिकरूपमा कमजोर हुने पूर्वानुमान गरिएको बताएको छ। यद्यपि, शुक्रबार बिहान पनि वर्षा भइरहेको छ। शुक्रबार सामाजिक सञ्जालमा पोस्ट गरिएका भिडियोहरूमा सांघाइका बासिन्दाहरू घुँडासम्मको पानीमा हिँडिरहेको देखिन्छ। यद्यपि, अहिलेसम्म कुनै गम्भीर क्षति वा हताहतको समाचार छैन। सांघाईका केही क्षेत्रले आँधी नजिकिँदै गर्दा बिहीबार आफ्नो चेतावनी स्तरलाई बढाएका थिए।

बेबिनकाले सोमबार विध्वंश मच्चाएको केही दिनपछि पुलासन आँधी आएको हो। बेबिनका सन् १९४९ पछि सांघाईमा आएको सबैभन्दा शक्तिशाली आँधी थियो। बेबिनका आँधीबाट एक हजार ८०० भन्दा बढी रुख ढलेका थिए भने ३० हजारभन्दा बढी घरमा विद्युत् काटिएको थियो। अधिकारीहरूले आँधी आउनुअघि सांघाईभर चार लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारेका थिए।

हरितगृह ग्यासहरूको उत्सर्जनका कारण जलवायु परिवर्तन हुँदा अत्यधिक मौसमी घटनाहरूलाई धेरै पटक र तीव्र बनाउँदै लगेको वैज्ञानिकहरूले बताएका छन्। *रासस/एएफपी*

# अल्जाइमरको नयाँ औषधिको आविष्कार सफलता कि मृगतृष्णा ?

**पेरिस–** अल्जाइमर रोगको कमजोर प्रगतिलाई कम गर्न सक्षम दुई नयाँ औषधिहरू हालैका वर्षहरूमा सबैभन्दा ठूलो चिकित्सा विवादहरूमा फसेका छन्। दशकौंको अनुसन्धानपछि लेकानेमाब र डोनेमाब नामक औषधिहरूले रोगसँग लड्ने पहिलो वास्तविक मौकाको प्रतिनिधित्व गरेको चिकित्सक र औषधि निर्माताको ती औषधिको पक्षधर समूहको दाबी रहेको छ तर आलोचकका लागि तिनीहरू महँगा असफलताको लामो लाइनपछि अर्को निराशा हुन्।

सन् १९९० को दशकदेखि अल्जाइमरको अध्ययन गरिरहेका बेलायती जीवविज्ञान विशेषज्ञ जोन हार्डीले एएफपीसँग भने, 'यी उपचारले गर्दा हामी एक कुनामा पुगेका छौं।' युनिभर्सिटी कलेज लण्डनमा वृद्धावस्था मनोविज्ञानका प्राध्यापक रोब हावर्डले भने, 'मलाई लाग्छ कि अल्जाइमर रोग भएका व्यक्ति र उनीहरूका परिवारहरूमा झूठा र अवास्तविक आशाहरू जगाउन औषधिहरू प्रयोग गरिएको छ।'

यी विरोधी कथनहरूले अल्जाइमरका लागि भर्खरै सुरू गरिएको औषधिबारेको अवस्थालाई बुझ्न सजिलो हुने छ। संसारभरका लाखौं मानिसहरू अल्जाइमरको सबैभन्दा सामान्य रूप डिमेन्सियाबाट पीडित छन्। लेकेम्बी नामबाट बिक्री हुने लेकानेमाबलाई अमेरिकी औषधि कम्पनी बायोजेन र इसाईले विकास गरेका हुन्। औषधि कम्पनी एली लिलीले विकास गरेको डोनानेमाब किसुन्लाको नाममा बजारमा बिक्री हुन्छ। यो विवादले देशहरूले यी औषधिहरूलाई अनुमोदन गर्ने वा नगर्ने विषयमा फरक-फरक अडान लिन बाध्य बनाएको छ।

संयुक्त राज्य अमेरिकाले सन् २०२३ मा लेकानेमाबलाई प्रयोग गर्न अनुमति (ग्रिन सिग्नल) दिएको थियो। यद्यपि युरोपेली संघ (इयू) ले जुलाइमा लेकानेमाबलाई अस्वीकार गरेको थियो, जुन डोनेमाबको अनुमोदनको अवसरका लागि एक खराब शगुन थियो। गत महिना बेलायतले लेकानेमाबको प्रयोगलाई स्वीकृति दिए पनि राज्यको राष्ट्रिय स्वास्थ्य सेवामा उपलब्ध नगराई मध्यममार्ग अपनाएको थियो।

कसैले पनि इन्कार नगर्ने कुरा के हो भने यी दुई औषधि अल्जाइमरको अहिलेसम्मकै सबैभन्दा प्रभावकारी उपचार हो तर यसको प्रभावकारिता सीमित छ। दुवैले रोगको सुरुवातमा बिरामीहरूमा संज्ञानात्मक गिरावटलाई लगभग ३० प्रतिशतले कम गरेको देखिन्छ। अध्ययनहरूले यी औषधिले डेढ वर्षको अवधिमा तुलनात्मकरूपमा सानो भिन्नताको प्रतिनिधित्व गरेको देखाएका छन्। हावर्डले भने, 'यसको फाइदा यति सानो छ कि हरेक बिरामीमा यसको प्रभाव व्यावहारिकरूपमा अदृश्य हुन सक्छ।'



## अत्यधिक लागत

आलोचकहरूले औषधिहरूको जोखिमभन्दा बढी लाभहरू नभएको बताउँदै कहिलेकाहीँ मस्तिष्क सुन्निने वा रक्तश्रावको कारण हुन सक्ने यसको प्रयोग घातकसमेत साबित भएको छ। तिनीहरू धेरै महँगा छन्। सन् २०२३ को एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा बायोजेन र इसाईले लिने मूल्यअनुसार लेकानेमाब चलाइएमा यहाँका बिरामीहरूका लागि एक वर्षको औषधोपचार मूल्य १३३ अर्ब युरो (१४८ अर्ब अमेरिकी डलर) पर्ने छ।

धेरै स्नायु विशेषज्ञ (न्युरोलोजिस्ट) सहितका सम्बन्धित अनुभवीहरूले अल्जाइमरका बिरामीलाई चलाउने ती औषधिले बिरामीहरूलाई उनीहरूको स्वतन्त्र जीवनको केही थप बहुमूल्य महिनाहरू प्रदान गर्नसक्ने बताएका छन्।

यदि बिरामीहरूले रोगको सुरूवातीमा अर्थात् पहिलो चरणमा नै औषधि लिन थाले भने औषधिको प्रभावकारिताको गुणा बढी हुनसक्छ भन्ने उनीहरूको विश्वास छ। यो चाँडै नै अधिक व्यावहारिक हुनसक्छ किनकि अल्जाइमरको अधिक छिटो निदान गर्ने महत्त्वपूर्ण प्रगति गरिरहेको हालैका अनुसन्धानले देखाएका छन्। फरक-फरक राष्ट्रिय नीतिहरूको अर्थ यो पनि हुनसक्छ कि गरिब बिरामीहरू पछाडि छोडिएका छन्। हार्डीले भने, 'हामी धनी व्यक्तिहरू ड्रग्सका लागि अमेरिका जाँदै गरेको देख्ने छौं।'

सन् १९९२ मा हार्डीले यो रोगले वास्तवमा कसरी असर गर्छ भन्ने विषयमा लेखेको एउटा लेखमा यो बहसलाई केही हदसम्म पाइदा पुग्ने छ। लेखमा अल्जाइमरका बिरामीको दिमागमा स्थिर रहने 'एमाइलोइड प्लेक' भनिने प्रोटिनको गुच्छा अरूमध्ये एउटा तत्त्वमात्र नभई यो रोग निम्त्याउने मुख्य कारक भएको तर्क गरिएको छ। लेकानेमाब र डोनेमाबको विकाससम्म आइपुग्दा दशकौंको दौडानमा यी अमाइलोइड प्लेकहरूलाई लक्षित गर्ने धेरै अन्य औषधिहरू विकसित भएका थिए र ती सबै असफल भएका थिए।

## परिवारबाट दबाब

नयाँ औषधिहरूको बारेमा केही तप्काबाट शंका उत्पन्न हुनुको कारण यिनीहरूको पक्षधरता र आलोचनाले काम गरेको हुनसक्छ। पहिलेका औषधिहरूको प्रतिरक्षा गरिएको थियो र तिनीहरूको प्रभावकारिताको बावजुद केहीले प्रशंसा पनि गरेका थिए। फ्रान्सेली संस्था फोरमाइन्डेपका प्रमुख क्रिश्चियन गाइ कोइचार्डले अल्जाइमर्स समूह, अनुसन्धाता र औषधि कम्पनीहरू निकै नजिक रहेको आरोप लगाएका छन्।

फ्रान्स अल्जाइमरका उपनिर्देशक बेनोइट डुरान्डले बायोजेन/इसाई वा एली लिलीबाट औषधिको विकासमा भएको खर्चको तुलनामा निकै कम रकम प्राप्त भएको बताए। उनले अनावश्यक बहसका कारण यो उपचार पद्धतिको वदलामा अर्को विकल्प रोज्न बिरामीका परिवारले दबाब दिने गरेको बताए।

डुरान्डले एएफपीसँग भने, 'उनीहरूले नयाँ औषधिलाई अस्वीकार गर्ने ईयूको निर्णयलाई बुझेका छैनन्। अल्जाइमर रोगका कारण प्रयोगशालाले चासो गुमाउन सक्ने अवस्था आउनसक्छ। यदि यसो भएमा अल्जाएमरका बिरामीको उपचारमा दुर्भाग्य आउने छ। औषधि उद्योगभित्र पनि कोही-कोही विगतका असफलताहरूले विश्वास बलियो बनाउन सहयोग नगरेको स्वीकार्छन्। नाम नबताउने सर्तमा एली लिलीका लागि काम गर्ने एक चिकित्सकले आफ्नो प्रतिद्वन्द्वी बायोजेनले अघिल्लो उपचार एडुहेलमको फाइदालाई बढी बताएको आरोप लगाए। यो औषधि सन् २०२१ मा अमेरिकामा विवादास्पदरूपमा स्वीकृत भएको थियो।

उनले भने, 'अदुहेल्मको अध्ययन अस्तव्यस्त थियो।' ती चिकित्सकले बायोजेनतर्फ संकेत गर्दै चेतावनीको रूपमा भने, 'यस घटनापछि 'धेरै हानि भयो र यो क्षेत्रमा अराजकता फैलायो।' यसको जवाफमा बायोजेनले एएफपीसँग भनेको छ कि उसले 'वैज्ञानिक अनुसन्धानको सिद्धान्तका साथै कानुनी र नियामक आवश्यकता' पालन गरिरहेको छ। एली लिलीका चिकित्सकले नयाँ उपचारको बचाउ गर्दै मानिसहरूलाई विगतलाई नभई भविष्यलाई हेर्न आग्रह गरे। अन्य विशेषज्ञहरू जस्तै उनले पनि अल्जाइमरको पछाडि हुन सक्ने एमाइलोइडहरू बाहेक अन्य संयन्त्रहरू अन्वेषण गर्न आवश्यक भएको स्वीकार गरे।

विशेषज्ञहरूको एक समूहले गत महिना अल्जाइमर रोगको रोकथामको विषयमा एक जर्नल (जर्नल अफ प्रिभेन्सन अफ अल्जाइमर्स डिजिज) मा लेखेका छन्, 'रोगको जटिलताले गर्दा 'एकल-लक्षित उपचार'ले लेकानेमाब र डोनेमाबभन्दा धेरै ठूलो प्रभाव प्राप्त गर्ने कुरा सम्भव छैन।' अल्जाइमरको उपचारमा नयाँ औषधि 'महत्त्वपूर्ण कदम' भएको अनुसन्धानकर्ताहरूले उक्त जर्नलमा बताएका छन्। *रासस/एएफपी*


## कतार/साउदीमा रोजगार

कम्पनी : DEFENDER SECURITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८१/०६/०४ | LT No : 310986 | चलानी नं ६०२२५६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 6 | 0 | 1000 | ३६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1500 | ५५,०२० | | | | | | | |
| 3 | Tile Maker | 1 | 0 | 1500 | ५५,०२० | | | | | | | |

कम्पनी : ESTABLISHMENT LESS FOR MAINTENANCE & CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310943 | चलानी नं. ६०२२५६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker Cleaner | 2 | 0 | 1500 | ५३,४७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १२ गते (28th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रू. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

TARGET | श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएईमा रोजगार

कम्पनी : TRIANGLE TECHNICAL SERVICES L L C | शहरः UAE

पूर्व स्वीकृति मिति : २०८१/०५/३० | LT. No. 311179 | चलानी नं. ६०२२५६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EAD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASON / MASON | 2 | 0 | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BRICKLAYER | 1 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 3 | Building Labour | 1 | 0 | 1000 | ३६,४२० | | | | | | | |
| 4 | Concrete Masons | 2 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 5 | Construction Carpenter | 3 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 6 | Electricians | 2 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 7 | Painter | 3 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 8 | Painter Assistant | 2 | 0 | 1100 | ४०,०६२ | | | | | | | |
| 9 | Scaffolder | 2 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 10 | Steal Fixer | 2 | 0 | 1200 | ४३,७०४ | | | | | | | |
| 11 | stone / brick assistant | 2 | 0 | 1100 | ४०,०६२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १२ गते (28th Sep. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रू. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



NEPAL WORLD | Govt. License No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677, E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## कुवेतमा रोजगार

कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०४ | LT. No. 303305 | चलानी नं. ६०२१८०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bellman | 5 | 1 | 120 | ५१,८९५ | | | | | | | |
| 3 | Cleaner/hotels | 20 | 10 | 100 | ४३,२४५ | | | | | | | |
| 4 | Commi I /Chef/Cook | 10 | 5 | 140 | ६०,५५५ | | | | | | | |
| 5 | Commi II /Chef/Cook | 10 | 5 | 125 | ५४,०५५ | | | | | | | |
| 6 | Commi III/Kitchen Helper | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७५,६८० | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७३,५२० | | | | | | | |
| 9 | HK Attendant/Cleaner | 10 | 10 | 110 | ४७,५७० | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६५,१७५ | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५१,८९५ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६०,५५५ | | | | | | | |
| 13 | Pastry/baker | 5 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 14 | Receptionist/gsa | 3 | 5 | 135 | ५८,३८० | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५४,०५५ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २१६,२३० | | | | | | | |
| 17 | Steward/dishwasher | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६०,५५५ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 20 | Waiter/waitress | 20 | 10 | 120 | ५१,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १२ गते (28th Sep. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH ADEL AL RABIE GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311138 | चलानी नं.६०२२५६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDULLAH ADEL AL RABIE GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311137 | चलानी नं.६०२२५६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १५७१०० | प्रति तोला – - | प्रति तोला – १९१५ |



**ढोरपाटनको बुकीपाटन** | समुन्दी सतहदेखि करिब चार हजार दुई सय मिटर उचाईमा रहेको बुकीपाटन । ढोरपाटन शिकार आरक्षमा पर्ने बुकीपाटन यो याममा निकै मनमोहक देखिन्छ ।

*तस्बिरः डम्मर बुढामगर/रासस*

# 'लगानीमैत्री वातावरण बनाउन योजनाबद्ध काम गर्छौं'

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले लगानीमैत्री वातावरण बनाउन सरकारले योजनाबद्ध रूपमा काम गर्ने बताएका छन् ।

ललितपुर उद्योग वाणिज्य संघको ४५औं वार्षिक साधारणसभामा मन्त्री भण्डारीले आर्थिक मन्दीका कारण व्यवसायीलाई परेको आर्थिक संकेटको समाधान गर्न सरकारका तर्फबाट आवश्यक प्रयास थालिने उल्लेख गरे ।

'सरकारले लगानीका क्षेत्र पनि परिभाषित गरेको छ । सूचना प्रविधि, ऊर्जा, कृषि र उद्योगलगायत क्षेत्र प्राथमिकतामा छन् । लगानी सम्मेलन गरी नीतिगत सुधार गर्दै गएका छौं । अझै लगानीको पर्याप्त वातावरण बनेको छैन । यो वातावरण बनाउने दायित्व सरकार,सरोकार भएका निकायका साथै निजी क्षेत्रको पनि हो', मन्त्री भण्डारीले भने । निजी क्षेत्र उत्साहित नहुनुको कारण पत्ता लगाई समाधान खोज्न समन्वय, सहकार्य र छलफलका माध्यमबाट सम्भव हुने उनले धारणा राखे ।

हरेक व्यक्तिले सरकार, राज्य मेरो हो भन्ने वातावरण तयार नभएसम्म आर्थिक समृद्धि नहुने बताउँदै मन्त्री भण्डारीले सरकारका नीति तथा कार्यक्रममा कमजोरी भए सच्याउन सकिने भएकाले छलफलमा आउन उद्योगी व्यवसायीलाई आग्रह गरे ।

'सरकारको नेतृत्व गर्ने हरेकले जनताका पक्षमा, आर्थिक समृद्धि प्राप्तिका लागि काम गर्नुपर्छ । मुलुकको विकास र समृद्धिका पक्षमा सबै एकजुट भएर सहकार्य गर्नु जरुरी छ । सरकारबाट जनताले आशा राख्न छाड्नुहुँदैन । नीतिगत कमजोरी भए त्यसमा बहस गरौं नीति, नियममा सुधार गरी कार्यक्रम सच्याउँछौं । सरकारलाई बलियो बनाउँदै जनताले अपनत्व महसुस गर्ने बनाउँछौं', उनले भने ।

युवाहरूलाई उद्यमी बनाउन स्टार्टअप कार्यक्रम ल्याइएको बताउँदै मन्त्री भण्डारीले युवापुस्तामा विदेशमा मात्रै सम्भावना देख्ने प्रवृत्ति सुखद् नभएको धारणा राखे । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह मिलेर देशको विकास सम्भव भएको उल्लेख गर्दै जनतामा देखिएका निराशाको अन्त्य गर्न तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक रहेको उनले बताए । जनतामा 'सरकार मेरो हो' भन्ने भावना जागृत हुनुपर्नेमा उनले जोड दिए ।

साधरणसभाको उद्घाटन समारोहमा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठ, ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जली शाक्यलगायत वक्ताले शुभकामना मन्तव्य राखेका थिए ।

## 'महासंघको सक्रियताले अर्थतन्त्रमा आशालाग्दो'

**ललितपुर (प्रस)**– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघकै सक्रियता र निरन्तर लगावका कारण मुलुकको अर्थतन्त्रमा सकारात्मक आशा जागेको बताएका छन् ।

ललितपुर उद्योग वाणिज्य संघको ४५औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले भने, 'कोभिड महामारी र रुस-युक्रेन युद्धपछि विश्वका अन्य देशहरूजस्तै नेपालको अर्थतन्त्र पनि के कसो हुने हो भन्ने त्रास सबैमा थियो । त्यति नै बेला यहाँ श्रीलंकोको जस्तै अवस्था हुने हल्ला फैलाइयो । नेतृत्वमा आएपछि करिब डेढ वर्ष हामीले यसरी काम गर्‍यौं कि अहिले आशा जागेको अवस्था छ । अर्थतन्त्रमा सुधारका संकेत देखिएका छन् ।'

महासंघले आममानिसमा देखिएको निराशाको अवस्था चिर्न सरकारसँगको सहकार्य थालनी गरेको, अर्थतन्त्रलाई थप बिग्रन नदिन र कोभिडपछि त्यसअघिकै अवस्थामा पुनःस्थापना गर्न सुधारका कामको सुरुआत गरेर सरकारलाई दबाब दिएकाले अहिले सकारात्मक परिणाम देखिएको अध्यक्ष ढकालको दाबी थियो ।

महासंघकै कारण नेपाल सरकारले गरेको पछिल्लो लगानी सम्मेलन पहिलेकोभन्दा फरक रहेको उनको भनाइ छ । उनले भने, 'पहिले दाताले प्रतिबद्धता गरेबमोजिमको लगानी आएन । किन आएन भनेर यसपटक हामीले त्यसको कारण खोज्यौं । कतिपय कानुनहरू बाधक देखिए र तिनको संशोधनका लागि हामीले पहल गर्‍यौं । सरकारलाई दबाब पनि दियौं । हाम्रो सहभागितामा एक कार्यदल बन्यो र लगानी सम्मेलनको मुखैमा आठ वटा कानुन संशोधन भए । हामीलाई लाग्छ अब दातालाई प्रतिबद्धताअनुसार लगानी ल्याउन सहज हुनेछ ।' कानुन संशोधनका क्रममा राजनीतिक पार्टीहरू आर्थिक मुद्दामा एकमत देखिनु सकारात्मक रहेको उनले बताए ।

# वित्तीय संस्थालाई थप विश्वसनीय बनाउन जरुरी : *अर्थमन्त्री*

■ प्रभाव संवाददाता

**काठमाडौं**– एसियाका विभिन्न १६ देशका निक्षेप तथा कर्जा सुरक्षण गर्ने निकायको अन्तर्राष्ट्रिय सम्मेलन शुक्रबारदेखि काठमाडौंमा सुरु भएको छ । सम्मेलनको उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले उद्घाटन गरे । एसियाली देशका सुरक्षण संस्थाको ३६औं सम्मेलन (एसिक कन्फ्रेन्स) मा ती देशका सरकारी निकायका प्रतिनिधिहरूको सहभागिता छ । सम्मेलन नेपालले ३० वर्षपछि आयोजना गरेको हो ।

सम्मेलन उद्घाटनमा अर्थमन्त्री पौडेलले वित्तीय प्रणालीमा जनविश्वासको सर्वाधिक महत्व हुने उल्लेख गर्दै वित्तीय संस्थालाई थप विश्वसनीय बनाउन जरुरी रहेको बताए ।

उनले कुनै कारणले बैंक तथा वित्तीय संस्था समस्याग्रस्त हुन पुगेमा साना निक्षेपकर्ताको सम्भावित क्षति संरक्षण गर्न र वित्तीय प्रणालीमा रहेको जोखिम न्यूनीककरण गर्न थप विश्वसनीय बनाउन निक्षेप तथा कर्जा सुरक्षण कोषको भूमिका ठूलो रहने उल्लेख गरे । मन्त्री पौडेलले नविन सोच तथा प्रविधिमा आधारित नवप्रवर्तन व्यवसायलाई वित्तीय पहुँच सुनिश्चित गर्न संस्थागत सुरक्षणको प्रबन्ध अत्यावश्यक हुने बताए ।

उनले भने, 'सरकारले नवप्रवर्तनका लागि 'इकोसिष्टम' विकास गरी उद्यमशील वातावरण सृजना गर्न सहजीकरण र नियमनका लागि आवश्यक प्रबन्ध मिलाएको छ । बजेटमार्फत रु १ अर्बको नेपाल स्टार्टअप कोषको स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।' सुरक्षण सेवाका कारण साना व्यवसाय सफल भएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले बचत गर्ने संस्कारको विकास भई पुँजी परिचालमा पनि सहयोग पुगेको बताए ।

उनले आर्थिक विकासका लागि बचतलाई प्रोत्साहित र कर्जाको सहज पहुँच विस्तार गर्न जरुरी रहेको बताए । कर्जा परिचालन र फिर्ताको सुनिश्चितताका लागि कर्जा सुरक्षण कोषको स्थापना भएको स्मरण गर्दै उनले त्यसबाट महत्वपूर्ण उपलब्धि हासिल भएको दाबी गरे ।

उनले सोही समारोहमा निक्षेप तथा कर्जा सुरक्षण कोषको ५१औं वार्षिकोत्सवको समेत उद्घाटन गरेका थिए ।

# पर्यटक बढेपछि व्यवसायी उत्साहित

■ प्रभाव संवाददाता

**बाँके**– बाँकेको पर्यटकीय क्षेत्र गाभर क्षेत्रमा पर्यटक बढेपछि होटल व्यवसायमा लगानी थपिँदै गएको छ । गाभर क्षेत्रमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई समेत लक्षित गरि यहाँ सञ्चालित सामुदायिक घरबास (होमस्टे)ले धमाधम स्तरोन्नति गर्न थालेका छन् । यहाँ सुविधा सम्पन्न रिसोर्ट पनि थपिएका छन् ।

पर्यटकलाई स्तरीय सेवा दिन लगानी थप गरी यहाँका होमस्टे र होटलको स्तरोन्नति भइरहेको गाभर भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीले बताए । आन्तरिक पर्यटकलाई अधिकतम सुविधा दिँदै बाह्य पर्यटकलाई समेत लक्षित गरी होमस्टेमा लगानी थप भइरहेको उनको भनाइ छ । गाभर भ्यालीमा पछिल्लो पटक रु १२ करोडको लगानीमा सुविधा सम्पन्न बिसौनी ग्रिनरी रिसोर्ट सञ्चालनमा ल्याइएको छ ।

गाभरमा स्थानीय स्वाद, संस्कृति र परम्पराको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले रिसोर्ट सञ्चालन गरिएको महाप्रबन्धक केशवप्रसाद चालिसेले बताए ।

'गाभर क्षेत्रमा होमस्टे सञ्चालन हुँदै आएका छन्, अझै स्तरीय सेवा सुविधा प्रदान गर्दै पर्यटन प्रवर्द्धनमा आवश्यक पर्ने न्यूनतम पूर्वाधारसहित हामी उपस्थित भएका छौँ', उनले भने, 'ग्रामीण क्षेत्रमा यहाँको भौगोलिक तथा सांस्कृतिक वस्तुस्थिति र रहनसहनसँग मिल्नेगरी अर्गानिक खानेकुराका परिकारलाई प्राथमिकता दिँदै आएका छौं ।'

अर्गानिक माछा मासु तथा तरकारीका लागि पाँच बिघा क्षेत्रफलको जमिनमा होटलले आफ्नै अष्ट्रिज, हाँस, लोकल कुखुराको फार्म, माछापोखरी पनि सञ्चालन गर्दै आएको छ । बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित बिसौनीले पर्यटन प्रवर्द्धनका लागि पदयात्रा, गाडी, घोडा र साइकल चढेर जङ्गल सफारीको व्यवस्थासमेत गरेको छ ।

रत्नराजमार्गदेखि करिब सात सय मिटरभित्र मिनी गाभरक्षेत्रमा रहेको बिसौनीमा मार्सी चामलको भात, थारु समुदायका परिकार, घोंगीसमेत पाहुनालाई उपलब्ध गराउने गरेको महाप्रबन्धक चालिसेले जनाए । होटलका आकर्षक भवन संरचना प्रवेशद्वारमै रहेको झरनालगायतको हरियाली वातावरणले पाहुनालाई आकर्षित गर्ने गरेको छ । होटलका प्रबन्ध निर्देशक उपेन्द्रकुमार शाही भन्छन्, 'हालसम्म १२ करोड लगानी भइसकेको छ, अरु संरचना निर्माणका क्रममा रहेका छन् ।'

# राहुघाट जलविद्युत् आयोजना अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको ८० प्रतिशत काम सम्पन्न भएको छ ।

संघीय सरकार तथा प्राधिकरणको लगानी र निर्यात आयात (एक्जिम) बैंक, भारतको लाइन अफ क्रेडिटबाट प्राप्त सहुलितपूर्ण ऋणमा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन आयोजना आगामी असारभित्र सम्पन्न गर्नेगरी काम भइरहेको छ ।

आयोजनाको छ दशमलव दुई किलोमिटर लामो सुरुङ सम्पन्न भई 'कङ्क्रिट' 'लाइनिङ'को काम तीव्र गतिमा भइरहेको आयोजना कार्यालयले जनाएको छ । कमजोर भौगर्भिक अवस्था रहेकाले सुरुङलाई पूर्ण रूपमा कङ्क्रिट लाइनिङ गर्नुपर्नेछ । हालसम्म मुख्य सुरुङको एक किमी कङ्क्रिट लाइनिङ गरिएको आयोजनाको प्रवर्धक कम्पनीका प्रबन्ध सञ्चालक गणेश केसीले बताए ।

मुख्य सुरुङबाट विद्युत्गृहसम्म पानी पुऱ्याउन राखिने एक हजार ५० मिटर पेनस्टक पाइपमध्ये एक सय ३० मिटर जडान गरिएको छ । विद्युत्गृहको मुख्य सिभिल संरचनाको निर्माण सम्पन्न गरी टर्वाइन, जेनेरेटरलगायत इलेक्ट्रोमेकानिकल उपकरणहरू जडान भइरहेका छन् । विद्युत् उत्पादनका लागि २०/२० मेगावाटका दुईवटा युनिट रहने आयोजना कार्यालयले जनाएको छ ।

खोलाको नदी फर्काउन आवश्यक बाँधको सिभिल संरचना निर्माण सम्पन्न भएको छ । बाँधमा रहने गेटलगायत उपकरण आयोजनास्थलमा ढुवानी भइसकेका छन् । अब जडान सुरु हुने छ । बालुवा थिग्र्याउने पोखरी (डिसेन्टर)को निर्माण करिब ३० प्रतिशत सकिएको जनाउँदै केसीले वर्षाका कारण रोकिएको हेडवर्क्सको निर्माण सुरु हुने बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं रघुगङ्गा हाइड्रोपावर लिमिटेडका सञ्चालक समितिका अध्यक्ष कुलमान घिसिङले बिहीबार निर्माणस्थलको अनुगमन गरी निर्माणमा संलग्न आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीसँग छलफल गरेका थिए ।

कार्यकारी निर्देशक घिसिङले विभिन्न समस्या झेल्दै आएको आयोजना आगामी असारभित्र जुनसुकै अवस्थामा निर्माण सम्पन्न गर्नेगरी एकीकृत तालिका बनाएर काम भइरहेको जानकारी दिए ।

'कमजोर तथा जटिल भौगोलिक अवस्थिति, कोभिड-१९ को महामारी, भूकम्पलगायत कारणले केही कठिनाइ भए पनि निरन्तरको प्रयासबाट आयोजना निर्माण सम्पन्न हुने चरणमा पुगेको छ, आयोजना निर्माण सम्पन्न हुने विषयमा भारतीय अधिकारीहरूबाट निरन्तर चासो व्यक्त भइरहेको हुन्छ, सबै पक्षले अन्तिम प्रयास गरी चालु आर्थिक वर्षभित्र आयोजना सम्पन्न गर्ने उद्देश्यले कामलाई तिव्रता दिनुपर्छ, यसका लागि हाम्रोतर्फबाट आवश्यक सहजीकरण गर्ने छौं', घिसिङले भने ।

आगामी असारभित्र सम्पन्न हुनेगरी एक हप्ताभित्र निर्माण समयतालिका टुङ्गो लगाएर सबै पक्षले हस्ताक्षर गरी सोहीबमोजिम कार्य अगाडि बढाउनुपर्नेमा उनले जोड दिनुभयो । कङ्क्रिट लाइनिङको काम सम्पन्न गर्न चुनौतीपूर्ण देखिएकाले जनशक्ति थपगरी निर्माणलाई तीव्रता दिनुपर्ने देखिएको छ ।

आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदनमा उल्लेखित स्थानबाट झिक्न नपाउँदा ढुङ्गा, गिट्टी र बालुवाको अभाव बेहर्नुपरेको थियो ।

# राजस्व बढी उठाउने वडालाई उपहारमा 'योजना'

**त्रिशूली (नुवाकोट) (प्रस)**– बेलकोटगढी नगरपालिकाले राजस्व बढी उठाउने वडालाई उपहारमा 'योजना' दिएको छ । राजस्व बढी उठाउन प्रोत्साहन जगाउने उद्देश्यले पालिकामा रहेका १३ वटा वडामध्ये राजस्व बढी उठाउने पहिलो, दोस्रो र तेस्रो वडालाई उपहार स्वरूप थप योजना उपलब्ध गराएको नगरप्रमुख जगतबहादुर गुरुङले जानकारी दिए । उनको अनुसार कार्यपालिका बैठकबाट निर्णय भएअनुसार आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा धेरै राजस्व उठाउने पहिलो भएको वडा नं ७ को कार्यालयले रु १० लाखको थप योजना पाएको छ । दोस्रो भएको ११ नं वडा कार्यालयले रु सात लाख र तेस्रो भएको १३ नं. वडा कार्यालयले रु पाँच लाखको थप योजना प्राप्त गरेको छ ।

'कार्यपालिकाको पूर्ण बैठकले राजस्व बढी उठाउने वडालाई योजना उपहार दिने निर्णय गरेअनुसार थप योजना उपलब्ध गराइएको छ', नगरप्रमुख गुरुङले भने, 'उपहार स्वरूप पाएका योजना सम्बन्धित वडाले चाहेअनुसार पूर्वाधारको क्षेत्रमा लगानी गर्नुपर्नेछ ।' धेरै कर उठाउने वडाले योजना विनियोजनको क्रममा प्राथमिकता दिन माग राख्दै आएपनि नगरपालिकाले प्रंशसापत्रमार्फत सम्मान गर्ने गरेको थियो ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ